निर्णयहरूः-

१. मकवानपुर जिल्लाको वर्तमान अवस्थालाई विश्लेषण गर्दा यस जिल्लाभित्र उत्पादित तरकारीले यस जिल्लाको आवश्यकता पूर्ति गर्नसक्ने स्थिति देखिएको हुँदा विशेष गरी हरियो तारकारीको हकमा भोली मिति २०७७-०१-०१ देखि अर्को सूचना नभएसम्मका लागि अन्य जिल्लाहरूबाट आयातित हुने तरकारीलाई जिल्लाभित्र बिक्री वितरणमा रोक लगाउने व्यवस्था मकवानपुर उद्योग वाणिज्य संघले मिलाउने र सुरक्षा निकायले यसको अनुगमन गर्ने ।

२. राहत वितरणमा अत्यधिक भिडभाड भएको गुनासो प्राप्त भएको सन्दर्भमा सबै स्थानीय तहहरूले सामाजिक दूरी कायम गरेर मात्र राहत वितरणको व्यवस्था मिलाउने । साथै, नेपाल सरकारले तय गरेको मापदण्ड विपरीत केही व्यक्ति/संघ संस्थाले आफूखुसी राहतको नाममा नगद वितरण गरेको सूचना प्राप्त भएकोले राहतका नाममा नगद वितरण नगर्न, नगराउन सबैमा अनुरोध गर्ने । सुरक्षा निकायले यसको अनुगमन गर्ने ।

३. मिति २०७६-१२-१९ को कमाण्ड पोष्टको बैठकबाट दुध तथा दुग्धजन्य पदार्थ मात्र बिक्री वितरण गर्ने डेरी पसल विहान ९:०० बजेसम्म र खाद्यान्न, तरकारी लगायतका खाद्य सामग्री बिक्रिवितरण गर्ने होलसेल तथा खुद्रा पसलहरू विहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म मात्र खुला राख्ने निर्णय गरिएकोमा दैनिक उपभोग्य वस्तुहरूको खरिद तथा बिक्री वितरणलाई व्यवस्थित तुल्याउँदै लकडाउनलाई थप प्रभावकारी तुल्याउन दुध तथा दुग्धजन्य पदार्थ मात्र बिक्री वितरण गर्ने डेरी पसल विहान ९:०० बजेसम्म यथावत र खाद्यान्न, तरकारी लगायतका खाद्य सामग्री बिक्रिवितरण गर्ने खुद्रा पसलहरू विहान १०:०० बजेदेखि दिनको १:०० बजेसम्म मात्र खुला राख्ने निर्णय गरियो ।

४. वन जंगलमा विभिन्न कारणबाट हुनसक्ने डढेलो नियन्त्रण गर्न तथा लकडाउनको मौकाछोपी वन जंगलबाट हुनसक्ने काठ तस्करी नियन्त्रण गर्न डिभिजन वन कार्यालयहरूले गस्ती बढाउने ।

५. लकडाउनको अवस्थामा जिल्लाभित्र केही स्थानहरूमा सार्वजनिक जग्गा अतिक्रमण गरी घर टहरा निर्माण गरिएको गुनासो प्राप्त भएको सन्दर्भमा सबै स्थानीय तहहरूले सार्वजनिक जग्गा अतिक्रमण हुन नदिन आवश्यक व्यवस्था मिलाउने र आवश्यक परेमा सुरक्षा निकायको समेत सहयोग लिई अतिक्रमणकारीलाई तत्काल हटाउने ।

जिल्ला प्रशासन कार्यालय मकवानपुर

२०७६।१२।३०

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मकवानपुर

भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको विवरण र जिल्लाको एम्बुलेन्सको अवस्था

| क.सं. | स्थानीय तह | हालसम्म विदेशबाट आएकाहरूको संख्या | स्वास्थ्य परीक्षण गरिएको संख्या | स्वास्थ्य अवस्था | क्वारेन्टाइनमा रहेकाको संख्या | | Isolation मा रहेका संख्या | ICU मा रहेका संख्या | एम्बुलेन्सको संख्या | पार्टिसन गरेको एम्बुलेन्सको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संस्थागत | होम | | | | |
| १. | हेटौडा उ.म.न.पा. | २२१ | २२१ | सामान्य | १ | २२० | १ | ० | १२ | २ |
| २. | थाहा न.पा. | ८२ | ८२ | सामान्य | ० | ८२ | ० | ० | ५ | ० |
| ३. | कैलाश गा.पा. | ६ | ६ | सामान्य | ० | ६ | ० | ० | १ | १ |
| ४. | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य | ० | १६ | ० | ० | १ | ० |
| ५. | भिमफेदी गा.पा. | १९ | १९ | सामान्य | ० | १९ | ० | ० | १ | ० |
| ६. | मनहरी गा.पा. | ६९ | ६९ | सामान्य | ० | ६९ | ० | ० | ४ | ० |
| ७. | राक्सीराङ गा.पा. | ७ | ७ | सामान्य | ० | ७ | ० | ० | १ | १ |
| ८. | मकवानपुरगढी गा.पा. | २४ | २४ | सामान्य | ० | २४ | ० | ० | २ | ० |
| ९. | बकैया गा.पा. | १२ | १२ | सामान्य | ० | १२ | ० | ० | २ | ० |
| १०. | बागमती गा.पा. | २४ | २४ | सामान्य | ० | २४ | ० | ० | २ | ० |
| | जम्मा | ४८० | ४८० | | १ | ४७९ | १ | ० | ३१ | ४ |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

दीपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी